मिति २०७५।५।२४ गते ओमसतिया गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु :

निर्णय नं. १ प्रत्येक वडा भित्र रहेका आवश्यक मर्मत गर्नु पर्ने बाटो सबै वडाहरुले १० दिनभित्र खुलाई गा.पा. मा तथ्याङ्क उपलब्ध गराउने निर्णय गरियो । साथै गा.पा.का बाटोको मर्मत तथा सम्भार गर्ने प्रयोजनमा लागि प्रत्येक वडामा ज्यालादारी रुपमा १ जना हेरालु राख्ने निर्णय गरियो ।

निर्णय नं. २.गतआ.ब. मा खरिद गरिएका विद्युतपोल र हेण्ड पाईप गाड्ने प्रयोजनका लागि प्राविधिकहरुबाट ल.ई. तयार गराई गाउँपालिकाबाट कोटेशन मार्फत गडाउने निर्णय गरियो । साथै आवश्यक विद्युतीय तार खरिद गरि विद्युत विस्तार गर्ने निर्णय ।

निर्णय नं. ३. वडा नं.१,२, र ६ मा न्यून भोल्टेजका कारण समस्या आएकाले उक्त वडाहरुमा 100 KVA का ट्रान्सफरहरु उपभोक्ता समिति मार्फत खरिद गरि जडान गर्ने निर्णय गरियो । साथै पुराना ट्रान्सफरहरु गा.पा.मा ल्याई आवश्यकता अनुसार अन्य स्थानमा जडान गर्ने निर्णय समेत गरियो ।

निर्णय नं. ४. गाउँपालिकाको भवन निर्माण गर्ने प्रयोजनका लागि वडा नं.३ को हाटी फर्साटिकर स्थित वडा कार्यालयको दक्षिण तर्फ रहेको सामुदायिक वनमा निर्णय गरियो । साथै उक्त जग्गा प्राप्तीगर्ने प्रयोजनका लागि श्री चुमकला बस्यालको संयोजकत्वमा वडा नं. २ मा अध्यक्ष र वडा नं. ३ का अध्यक्ष समेत रहने ३ सदस्यीय भवन निर्माणार्थ जग्गा प्राप्ती उपसमिति गठन गर्ने समेत निर्णय गरियो ।

निर्णय नं. ५. गाउँपालिकाको भवन निर्माण गर्ने जग्गामा सँगै बहुउद्देश्यीय सभाहल समेत निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ६. प्रदेश सरकारबाट प्राप्त भएको खेल मैदान निर्माणका लागि रकम वडा नं. ६ नरैनापुर स्थित रामजानकी रङ्गशाला निर्माणमा खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ७. कृषि मण्डी स्थापनागर्नका लागि यस आ.व. मा गा.पा.ले बजेट विनियोजन गरेकाले उक्तकार्य सञ्चालन गर्ने प्रयोजनक ालागि डि.पि.आर.( DPR) तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. ८. गाउँपालिकामा विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन गर्नका लागि गाउँपालिका स्तरिय विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो । साथै आकास्मिक कार्य सञ्चालन केन्द्र स्थापनागर्ने समेत निर्णय गरियो ।

निर्णय नं. ९. गा.पा.नगर प्रहरी नियमावली २०७४ मा रहेका विदा, सुविधा, उपदान सम्बन्धि प्रावधान संशोधन गरि हटाउने निर्णय गरियो ।

निर्णय नं.१०. वर्ष र बाढी पिडित व्यक्तिजसको घर पूर्ण रुपमाभत्किएको छ उसलाई राहत स्वरुप रु.१००००।००( दशहजार मात्र ) वरावरको आर्थिक सहायताउपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.११.(क) अर्थ समितिबाट स्वीकृत गरिएको विद्यालय सञ्चालनअनुदानअनुमोदनगर्ने निर्णय गरियो ।

(ख) सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालनगर्ने प्रयोजनका लागि खर्च भएको रकम BAS रुपन्देहीलाई सम्झौता बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

(ग) कार्यपालिकाको सदस्यहरु भारतमा रहेका विभिन्न कृषिफर्म लगायतका पशु फार्महरु अध्ययन अवलोकन भ्रमणमा जाने निर्णय गरियो । यसकालागि श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा स्वीकृतीका लागि अनुरोध गरियो ।